NJ: NUTA

# सुरेल जातिका लोकदेवी–देवता एवम् पूजा-उपासना विधि

**लोकनाथ दुलाल[1] र सुरज भट्टराई[2]**
[1]संस्कृति विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
[2]समाजशास्त्र विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: dulalloknath@gmail.com, bhattaraisurajpk@gmail.com
DOI: 10.3126/nutaj.v10i1-2.63076

**लेखसार**

दोलखा जिल्लाको सुरी गाउँमा बसोबास गर्ने सुरेल जातिका लोकदेवी देवता एवम् पूजा उपासना विधिको अध्ययनमा यो लेख केन्द्रित छ । मूलतः हिन्दू धर्म मान्ने यो जातिका सांस्कृतिक परम्पराहरू धार्मिक मूल्यमान्यता र विश्वासबाटै निर्देशित छन् । लोकदेवीदेवता एवम् पूजा उपासना विधि पनि आफ्नै प्रकारका छन् । भूमे, इवी, बम्वु, श्रीढोल, श्रीचन्द, जसिढोल, इतितढो, आइतवारे, रेल, गङ्गा, किर्किस्तानी, सेलीभूमे, सेतीदेवी, सेतीनाग, कोमलामाई, बासि जस्ता देवीदेवतालाई यिनीहरू कुलदेवता, पितृदेवता तथा स्थानीय देउदेउताका रूपमा भक्तिभावका साथ पूजाउपासना गर्ने गर्दछन् । विशेषतः वर्षको दुई पटक उभौली र उधौलीमा उक्त देउदेउताको पूजाउपासना धुमधामका साथ गर्ने परम्परा छ । यसबाहेक यिनीहरूका विभिन्न प्रकारका मौलिक चाडबाड, पर्व तथा उत्सव मनाउँदा, संस्कारगत अनुष्ठानहरू सम्पादन गर्दा र गाउँटोल तथा घरपरिवारमा अनिष्ट आइलाग्दा पनि यिनीहरू कुलदेवता, पितृदेवता तथा स्थानीय देउदेउताप्रति श्रद्धाभक्तिसहित पूजाउपासना गर्ने गर्दछन् । सुरेल जाति को हुन् ? यिनीहरूको उत्पत्ति कसरी भयो ? यिनीहरूलाई सुरेल किन भनियो ? यिनीहरूका देवीदेवता तिनको पूजाउपासना विधि कस्तो छ ? भन्ने जस्ता प्रश्नहरूको सम्बोधन गर्ने उद्देश्यबाट यस जातिको विषयमा आजसम्म उति धेरै अध्ययन अनुसन्धान हुन सकेको छैन । जति शोधखोज भएका छन्, ती कार्यहरूले पनि माथि उल्लिखित जिज्ञासाहरूलाई पूर्णरूपमा सम्बोधन गर्न नसकेको देखिन्छ । अतः यस लेखमा सुरेल जातिका लोकदेवीदेवता एवम् पूजा उपासना विधिलाई अध्ययनको समस्याका रूपमा पहिचान गरिएको हो । उक्त पक्षको पहिचान तथा विश्लेषण गर्ने विशिष्ट उद्देश्य प्राप्तिका निमित्त यो अध्ययन गरिएको छ । यस लेखमा प्राथमिक तथा द्वितीयक दुवै प्रकृति तथा स्रोतका तथ्याङ्कहरू विश्लेषण गरिएका छन् । प्राथमिक तथ्याङ्क कार्यक्षेत्र अध्ययनबाट सङ्कलन गरिएका हुन् । द्वितीयक सूचना भने पूर्वकार्यको समीक्षाबाट सङ्कलन गरिएको हो । यो लेख गुणात्मक ढाँचामा आधारित छ ।

*शब्दकुञ्जी* : सुरेल जाति, बसोबास, जनसङ्ख्या, देवीदेवता, उपासना विधि ।

## पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक हो (नेपाल सरकार, २०७२, पृ. १) । नेपाल जातजाति-जनजातिको संस्कृतिका लागि समृद्ध भूमि मानिन्छ । यहाँका प्रत्येक

जातजाति-जनजाति समुदाय मौलिक तथा विशिष्ट सामाजिक-सांस्कृतिक परम्पराका सशक्त आधार हुन् । यस्ता जातीय समुदायहरूमध्ये सुरेल जातिलाई पनि लिन सकिन्छ । सुरेलहरू आफूलाई किराती वीर सिकारीका सन्तान ठान्दछन् । मङ्गोल प्रजाति मूलका भएको कारण सुरेलहरूको शारीरिक रूप, रङ्ग एवम् संरचनासमेत अन्य मङ्गोलियन समुदायका मानिसहरूसँग मिल्दछ । सामान्यतः मध्यम शारीरिक संरचना, चेप्टो मुखाकृति, मध्यम स्वरूपको नाकको बनावट, गहुँगोरो शारीरिक वर्ण, कालो एवम् गोलाकार आँखाको बनावट, सुडौल अर्थात् सुसङ्गठित शारीरिक संरचना, छोटा हात गोडा, कसिला पिँडुला, कालो केश, जुँगादाह्री कम जस्ता विशेषताहरू सुरेल जातिका शारीरिक लक्षण हुन् (दुलाल, २०७९, पृ. २८७-२८८) ।

सुरेल समुदायमा मूलतः दिगर्चा, गौतत्वा, भारोत्वा, कियोम्पतित्वा, कोनासु, लार्गली, लोङपुत्था, परगत्वा, तोङ्गपुत्वा जस्ता थरहरू थिए । तर पछि अन्य जातिहरूको प्रभावमा परेर यहाँका सुरेलहरू क्रमशः अन्यत्र जान थाले । जसले गर्दा हिजोआज सुरी क्षेत्रमा दुर्विचा, जेस्पोंचा (दरकात्वा), रोङकु, गलेरूङ वा गुरूङ र यता जेठी गरी पाँचवटा थरका सुरेलहरू मात्र पाइन्छन् (श्री ५ को सरकार, २०३१, पृ. १०७) । स्थानीयहरूले उक्त पाँचवटा थरहरूमात्र हाल सुरी क्षेत्रमा बसोबास गर्ने सुरेल समुदायमा पाइने गरेको जानकारी दिएका छन् (अन्तर्वार्ता: मानबहादुर सुरेल, सुरी ८, २०७०/०३/१३) ।

सांस्कृतिक परम्पराका दृष्टिले सुरेल जातिका पनि आफ्नै प्रकारका मौलिक विशेषता पाइन्छन् । यो हिन्दू धर्मावलम्बी समुदाय हो । त्यसो हुँदा धार्मिक मत र विश्वासअनुसार नै सांस्कृतिक परम्परा निर्देशित छन् । यो जातिको संस्कृतिलाई मूर्त तथा अमूर्त गरी दुई स्वरूपमा वर्गीकरण गर्न सकिन्छ । मूर्त सम्पदाअन्तर्गत यिनीहरूका मठमन्दिर, घर, गरगहना, पोसाक, विभिन्न प्रकारका हातहतियार, औजार, भाँडावर्तन जस्ता कला नमुनाहरूलाई राख्न सकिन्छ । सुरेल समुदाय भौतिक सांस्कृतिक सम्पदाका दृष्टिकोणले पनि सम्पन्न मानिन्छ । अभौतिक वा अमूर्त संस्कृतिभित्र सामाजिक मूल्यमान्यता, परम्परा, भाषा, संस्कार, विचार, बुद्धि, ज्ञान, सामाजिक संस्था, प्रथा तथा प्रथाजनित कानुन, लोकताल, लोकगीत, लोकनृत्य, लोककथा, लोकगाथा, उखान, टुक्का, लोकधर्म, लोकऔषधोपचार, देवीदेवता तथा पूजाउपासना विधि, धामीझाक्री तथा तन्त्रमन्त्र जस्ता सम्पूर्ण सांस्कृतिक निधिहरू पर्दछन् ।

युनेस्को अभिसन्धि २००३ ले अमूर्त संस्कृतिलाई मौखिक परम्परा तथा अभिव्यक्ति; अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल, शिल्प तथा प्रविधि गरी पाँचवटा विधामा वर्गीकरण गरेको छ (UNESCO, 2003, p. 8)। उक्त वर्गीकरणका आधारमा सुरेल समुदायका देवीदेवता तथा उनीहरूको पूजाउपासना जस्ता कर्महरू सम्पादन गर्दा अभ्यास गरिने विधिविधान तथा कर्मकाण्डहरू अमूर्त संस्कृतिका पाँचवटा विधामध्ये सामाजिक व्यवहार, अनुष्ठान एवम् चाडपर्व उत्सवअन्तर्गत राख्न सकिन्छ । प्रस्तुत सुरेल जातिका लोकदेवीदेवता एवम् पूजाउपासना विधि शीर्षकको यो अनुसन्धान उक्त समुदायका देवीदेवता पहिचान तथा पूजाउपासनाका विधिविधान तथा कर्मकाण्डहरूको अध्ययन गर्ने उद्देश्यले सम्पन्न गरिएको हो ।

## अध्ययनका समस्या

नेपाल विभिन्न जातिरूपी फूलहरूको साझा फूलबारी हो । यहाँ बसोबास गर्ने धेरैजसो समुदायका विषयमा अध्ययन अनुसन्धानहरू हुँदैआएका छन् । कतिपय समुदाय र विशेषतः उनीहरूका अमूर्त संस्कृतिका विषयमा भने पर्याप्त शोधखोज हुनसकेको छैन । पर्याप्त अध्ययन अनुसन्धान हुन नसकेको एउटा समुदाय सुरेल पनि हो ।

अझ यस समुदायको अमूर्त संस्कृति अध्ययनबाट टाडा रहेको छ । युनेस्को अभिसन्धि २००३ ले वर्गीकरण गरेको अमूर्त संस्कृतिका पाँचवटा विद्याका आधारमा सुरेल समुदायको अमूर्त संस्कृतिलाई वैज्ञानिक एवम् व्यवस्थित रूपमा पहिचान, सङ्कलन, वर्गीकरण, सूचीकरण तथा विश्लेषण गरिएको छैन । अनुसन्धानकर्ताको पर्याप्त ध्यान त्यस विषयतर्फ पुग्न सकेको पनि देखिँदैन । वास्तवमा यो पक्ष अनुसन्धानको रिक्तता र अन्तराल हो । यसलाई अध्ययनको समस्याका रूपमा लिन सकिन्छ। यो रिक्तता आंशिक रूपमा भए तापनि परिपूर्ति गर्न सुरेल समुदायका प्रमुख लोकदेउदेउता केके हुन् ? र तिनीहरूको पूजाउपासना गर्दा सम्पादन गरिने विधिविधान तथा कर्मकाण्डहरू केकस्ता छन् ? भन्ने सन्दर्भलाई यस अध्ययनको समस्या पहिचान गरिएको हो ।

## अध्ययनको उद्देश्य

सामान्य एवम् विशिष्ट दुई प्रकारका उद्देश्यहरू परिपूर्तिका निमित्त यो अनुसन्धानात्मक लेख तयार पारिएको हो । यस लेखमा संस्कृतिसम्बन्धी अवधारणा, सुरेल जातिको सामान्य परिचय, उत्पत्ति तथा नामकरण, बसोबास तथा जनसङ्ख्या जस्ता पक्षको सङ्क्षिप्त परिचय दिइएको छ। उक्त पक्ष सामान्य उद्देश्यअन्तर्गत पर्ने सन्दर्भ हुन् । यसबाहेक प्रस्तुत अध्ययन सुरेल जातिका प्रमुख लोकदेउदेउताका विषयमा शोधखोज गर्ने र उक्त लोकदेउदेउताको पूजाउपासना गर्दा सम्पादन गरिने विधिविधान तथा कर्मकाण्डहरूको पहिचान गर्ने विशिष्ट उद्देश्य प्राप्तिका लागि सम्पन्न गरिएको हो ।

## अनुसन्धान विधि

यो लेख दोलखा जिल्लाको सुरी गाउँमा बसोबास गर्ने सुरेल समुदायका लोकदेउदेउताको तथा तिनीहरूको पूजाउपासना विधिको अध्ययनमा केन्द्रित छ । नेपालमा सुरेल समुदायको बसोबास मूलतः दोलखा जिल्लाको सुरी गाउँमा मात्र पाइने भएकाले उक्त गाउँलाई अध्ययन क्षेत्र छनोट गरिएको हो । प्रस्तुत लेखको प्रमुख लक्ष्य माथि उल्लिखित समस्याको सम्बोधन एवम् निर्धारित उद्देश्य परिपूर्ति गर्नु हो । यस लेखमा सुरेल समुदायका लोकदेउदेउताको तथा तिनीहरूको पूजाउपासना विधिसँग सम्बन्धित विविध पक्षको विश्लेषणगरी निष्कर्ष प्रस्तुत गरिएको छ । यस लेखमा प्राथमिक तथा द्वितीयक दुवै प्रकृति तथा स्रोतका तथ्याङ्कहरू विश्लेषण गरिएका छन् । प्राथमिक तथ्याङ्क कार्यक्षेत्र अध्ययनबाट सङ्कलन गरिएका हुन् । स्थलगत अध्ययनका क्रममा अवलोकन र अन्तर्वार्ता विधि अवलम्बन गरी अध्ययनका लागि आवश्यक तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको हो । अवलोकन गर्दा नियन्त्रित विधि र अन्तर्वार्ताका निमित्त जानकार व्यक्तिलाई मात्र समावेश गरिएको छ । यसका साथै द्वितीयक सूचना भने पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका हुन् । यस लेखमा गुणात्मक प्रकृतिका सूचना तुलनात्मक रूपमा धेरै प्रयोग भएका छन् । अतः यो गुणात्मक ढाँचामा आधारित लेख हो ।

## पूर्वकार्य समीक्षा

नेपालमा विगत छ दशकदेखि जातजाति जनजातिका सांस्कृतिक पक्षलाई मुख्य विषय बनाई अध्ययन अनुसन्धान गर्ने कार्यको थालनी भएको हो । यहाँ बसोबास गर्ने जातजाति जनजाति समुदायको विषयमा मनग्य अध्ययन अनुसन्धानहरू भएका छन् । यद्यपि यस्ता अध्ययनहरू केही समुदायमा मात्र बढी भएका देखिन्छन् । सुरेल समुदायका विषयमा आजसम्म त्यति धेरै अध्ययन अनुसन्धान हुनसकेको छैन । यो अल्पसङ्ख्यक खतराको सूचीमा सूचीकृत समुदाय आज पनि अध्ययन अनुसन्धानका दृष्टिकोणले निकै पछाडि परेको छ । अतः यो समुदायका विषयमा लेखिएका ग्रन्थ, लेख, रचना, अनुसन्धान प्रतिवेदन त्यति धेरै पाइँदैनन् । केही सन्दर्भ-साहित्यहरू खासगरी श्री ५ को सरकार (२०३१), मेचीदेखि महाकाली भाग दुई, गौतम र थापामगर (१९९४), ट्राइवल इथ्नोग्राफी अफ नेपाल अङ्क- दुई, त्रिपाठी, सुधा र खड्का, रमेश (सम्पा) (२०५१), दोलखा दर्पण, मास्के (२०५३), दोलखाका

सुरेल जातिको संरक्षण गर्न जरुरी, जिल्ला विकास समिति (२०५३), दोलखाका सुरेल जातिको वस्तुगत अध्ययन, खड्का (२०५५), सुरेल जातिको समाजिक आर्थिक अध्ययन, राष्ट्रिय समाचार समिति (२०५९ कार्तिक २) सुरेल जातिको संस्कार लोप हुने अवस्थामा, मानन्धर (२०६२), सुरेल जातिको कथा, आचार्य (२०६५), सुरेल जातिको उत्पत्ति धर्म र संस्कृति एक परिचय, श्रेष्ठ (२०६६), सुरेल जातिको सामाजिक एवम आर्थिक अवस्था एक अध्ययन, खड्का (२०६८) सुरेल जातिको सामाजिक आर्थिक एवम सामाजिक अवस्था, दोलखा जिल्ला सुरी गाविसको एक समाजशास्त्रीय अध्ययन, खड्का (सन् २०११) को पहिचान, गुमाई जुइरी जोखिमकु दवाल्खाय् सुरेल जाति, दुलाल (२०७६, पृ. ७४-८२), सुरेल जातिका लोकप्रथा, प्रथाजनित कानुन एवम् लोकविश्वास (२०७९, पृ. २८६-३०१), सुरेल जातिका सामाजिक संस्कार जस्ता विषयमा विभिन्न विद्वान् सङ्घसंस्थाले अध्ययन अनुसन्धान गरेका प्रकाशित ग्रन्थ, लेख, रचना तथा अप्रकाशित प्रतिवेदनलगायतका सामग्रीहरू यस सन्दर्भमा समीक्षा योग्य सामग्री मानिएका छन् ।

## नतिजा तथा छलफल

यो प्राथमिक तथा द्वितीयक तथ्याङ्कमा आधारित अध्ययन हो । यस अध्ययनका निमित्त आवश्यक तथ्याङ्क एवम् सूचना स्थलगत सर्वेक्षण र पूर्वकार्य समीक्षाद्वारा सङ्कलन गरिएका हुन् । प्राप्त तथ्याङ्क एवम् सूचना विश्लेषणका आधारमा अध्ययनको उपलब्धिका रूपमा सुरेल जातिका लोकदेउदेउताको तथा तिनीहरूको पूजाउपासना विधिसँग सम्बन्धित विविध पक्षको विश्लेषणसहितको विवरण यहाँ समावेश भएको छ । अतः नतिजा प्रकाशित गर्ने सन्दर्भमा सुरेल जातिको उत्पत्ति र नामकरण, बसोबास तथा जनसङ्ख्या, लोकदेउदेउताको तथा तिनीहरूको पूजाउपासना विधि जस्ता उपशीर्षक अन्तर्गत सम्बन्धित पक्षको विश्लेषणसहित निष्कर्ष प्रस्तुत गरिएको हो ।

## सुरेल जातिको उत्पत्ति र नामकरण

सुरेल जातिको उत्पत्ति तथा नामकरण सम्बन्धमा विभिन्न विद्वान्हरूले पृथक्पृथक् अवधारणाहरू अघि सारेका छन् । जनकलाल शर्माअनुसार सुरेल जातिको सम्बन्ध किरात समुदायसँग छ । किरात जातिका पाँच भाइका वंशजहरू क्रमशः जेठाबाट सुरेल, माहिलाबाट सुनुवार, साहिँलाबाट राई, काहिँलाबाट लिम्बू र कान्छाबाट हायु वा वायु जस्ता सन्ततिहरूको वंशक्रम आएको हो (शर्मा, २०३९, पृ. २८१) । राजेश गौतम र अशोककुमार थापामगरले पनि माथि उल्लिखित धारणासँग मिल्दो जुल्दो विचार राख्दै सुरेलहरूको पाँचजना किरात वंशका पूर्खाहरू थिए । जसमा सबैभन्दा जेठा सुरेल, माहिला सुनुवार, साहिँला राई, काहिँला लिम्बू र कान्छा हायु हुन् । यिनै पाँचजना किराती दाजुभाइहरू बसोबास विस्तार गर्ने क्रममा पूर्व तथा पश्चिमतर्फ लागे । विकासको क्रमसँगै यिनीहरूका सन्ततिहरू नयाँ शारीरिक गुण, विशेषता एवम् भाषा परिवारका रूपमा परिणत भए । फलस्वरूप पाँचवटा छुट्टा छुट्टै जातिको उत्पत्ति भएको हो भनेका छन् (Gautam & Thapa Magar, 1994, p. 250) ।

इन्द्रबहादुर खड्काकाअनुसार सुरेलहरूको उत्पत्ति, विकास तथा अवस्थाका बारेमा उल्लेख भएका सुरेलहरूको आफ्नो वंशावली एवम् अन्य ऐतिहासिक कागजपत्रहरू पाउन सकिँदैन । यद्यपि अन्य विभिन्न सन्दर्भहरूमा सुरेलहरूको प्रसङ्ग जोडिएका केही विवरणहरू पाइएका छन् । यस्ता विवरणहरूमध्ये एउटा किंवदन्तीमा परापूर्वकालमा किरातहरूको मूल थलो मुक्ति क्षेत्र थियो । त्यहाँ एकताका सूर्यमण्डप नाम गरेका राजा थिए । उनका छोरा थिएनन् । पाँचवटी छोरी मात्र भए । आश्चर्य रूपमा अविवाहित कान्छी छोरीबाट एउटा छोराको जन्म भयो । सूर्यनारायणको भक्ति तथा आशीर्वादबाट जन्म भएको सन्तान मानेर उनले उक्त बालकको नाम सुन्दरवीर राखिन् । यिनै सुन्दरवीरका लाल सिं, सुर सिं, राम सिं, मान सिं र धन सिं गरी पाँचवटा छोरा भए ।

जेठा छोरा लाल सिंका सन्तान ल्हासातर्फ गए । माहिला सुरसिंका सन्तान सुरी खारे र जिरी खिम्ती पसे । राम सिंका सन्तान लिखु, मान सिंका सन्तान दुधकोसी र धन सिंका सन्तान अरुण तमोरको बाटो लिए । सुर सिंका छोरा जो सुरी खारे र जिरी खिम्ती पसे उनीहरूमध्ये सुरीमा बस्ने सुरेल र जिरीमा बस्ने जिरेल हुन गए । पछि राम सिंका सन्तान सुनुवार, मान सिं का सन्तान राई र धन सिंका सन्तान लिम्बू मानिए भनिएको छ (खड्का, २०५५, पृ. २०) । यस सन्दर्भमा इन्द्रबहादुर खड्का (२०५५, पृ. २०-२१) अगाडि लेख्दछन् :

सुरेलहरू बासे र वीरबलका सन्तान मानिन्छन् । बासे र वीरबल एकांकास्थलीका सुनुवार हुन् । प्रारम्भमा सिकार गर्नु सुनुवारको मुख्य पेसा तथा व्यवसाय थियो । सोही पेसाअनुसार धनुषबाँण बोकी सिकार गर्दै जाँदा सुरीका माँझीका घरमा बास बस्ने गर्दथे । माँझीहरू सुरीबाट बसाइ छाडेपछि बासे सुनुवारको सपरिवार सुरीमा बस्न थाले । बासेकी छोरी वीरबलले विवाह गरेपछि त्यो परिवारको बसोबास पनि सुरीमा नै स्थानान्तरण भयो । तीनचार पुस्ता अघिमात्र रामेछाप जिल्लाको रस्नालु दार्खाबाट अर्को परिवार पनि थपियो । यसरी सुरी क्षेत्रमा बसोबास कायम गरेको हुँदा ठाउँ विशेषका आधारमा त्यहाँ बस्ने समूहलाई सुरेल भनिएको हो । सुरेलहरू आफूलाई सुरेल मान्दैनन् । सुनुवार भन्न रुचाउँदछन् । आफ्ना सबै लिखतहरूमा सुनुवार लेख्ने र लेखाउन मन पराउँदछन् । सुरी यिनीहरूको किपट भएको कारणले यिनीहरूलाई सुरेल भनिएको हो । वास्तवमा यिनीहरू सुनुवार नै हुन् ।

सुरेलहरू आफूलाई किराती वा सुनुवार मान्दछन् । यिनीहरूमा सुनुवारहरूले बोल्ने पुरानो स्थानीय भाषा बोल्ने चलन छ । यो समुदायमा प्रचलित किंवदन्तीअनुसार सुरेल किरातका सन्तान हुन् । एउटै किरात पिताका पाँचभाइ छोरा थिए । पाँच भाइमध्ये कान्छाका सन्तान हायु, काहिँलाका सन्तान लिम्बू, साहिँलाका सन्तान राई, माहिलाका सन्तान सुनुवार र जेठाका सन्तान सुरेल भएका हुन् । यी पाँचभाइ छोरा पूर्वबाट पश्चिम चौतारासम्म विस्तार हुँदा यिनीहरूकै सन्तानहरू विभिन्न ठाउँमा छुट्टाछुट्टै जाति र भाषामा विभाजित भए । पछि पाँचवटा छुट्टाछुट्टै जातिका नामले चिनिन थाले । यसै क्रममा सुरेल जातिले भने दोलखाको सुरी क्षेत्रमा आफ्नो बसोबास कायम गरेको हो (श्री ५ को सरकार २०३१, पृ. १०६-१०७) । यस सन्दर्भमा मधुसूदन आचार्य (२०६६, पृ. ४-५) ले माथि उल्लेख गरिएको विवरणसँग समानता राख्ने अर्को एउटा कथा यस प्रकार उल्लेख गरेका छन्:

सुरी खोलाको आसपासको क्षेत्रलाई सुरेल जातिको मुख्य थलो मानिन्छ । यो ठाउँमा सुरेल जातिका पूर्वजहरू रामेछाप जिल्लाको यकाङकास्थली भन्ने स्थानबाट आएका हुन् । यो गाउँ रामेछाप जिल्लाको लिखु खोलाको उत्तर पश्चिम किनारमा पर्दछ । यकाङ्कास्थलीबाट सिकार खेल्ने क्रममा निस्किएका बासे र वीबल भन्ने दुई व्यक्ति दोलखा जिल्लाको तामाकोशीको किनारै किनार आउँदा साबिकको सुरी गाविस वडा नं ८ मा सुरी खोला र खारेखोलाको सङ्गममा आइपुगे । त्यहाँ माझी जातिको एउटा परिवार रोइ कराई बसिरहेको थियो । सिकारी बासे र वीरबलले रुनुको कारण सोधे । माझीले लोमासाको शेर्पाबाट आफूले लिएको ऋण तिर्न नसक्दा आफ्नी छोरी लिई गएको घटना बासे र वीरबललाई बताए । यो कुरा सुनेपछि बासे र वीरबल आफ्ना हातहतियारका साथ सुरी खोलाको किनारै किनार हाल कलंखोला भन्ने ठाउँबाट चेर्दुङ्ग भन्ने लेकमा पिछा गर्दै पुगे । त्यहाँ बालिका रुँदै गरेको आवाज सुने । शेर्पालाई धनुषबाण प्रयोग गरी मारिदिए । बालिका डरले त्यहाँबाट भागिन् । बालिका पछ्याउँदै यर्मुप भन्ने ठाउँमा समाते । बालिकालाई सकुशल गुरुम्फी ल्याई दिई माझी परिवारलाई जिम्मा लगाए । आफ्नी छोरी सकुशल ल्याई दिएकोमा बासे र वीरबललाई आफूसँगै बस्न माझीले अनुरोध गरे । यसपछि दुवै थरी एक साथ बसे । माझीका दुईवटी छोरीको विवाह बासे र वीरबलसँग भयो । माझीले गुरुम्फी र सुरीको आफ्नो जमिन सबै बासे र वीरबललाई छाडी आफू र आफ्नो परिवार तामाकोशीको किनारै किनार हालको सुनखानी गाउँको

मलेपुमा आई बस्न थाले । यो वृत्तान्तले सुरेल जाति सिकारी भएका र उनीहरू सिकार खेल्दै सुरीको गुरुम्फीमा बसोबास गरेका हुन् । त्यसपछि सुरेलको नामबाट नै सुरी गाउँको नाम रहेको पुष्टि गर्दछ ।

सुरेलहरूको उत्पत्तिका सम्बन्धमा दुईवटा कथाहरू प्रचलनमा छन् । पहिलो कथाअनुसार सुरी र खारे खोलाको नजिकमा हाल सुरी भनिने गुरुङ्पी गाउँमा माझीहरूको बसोबास थियो । त्यसवेला नजिकको शेर्पा गाउँबाट माझीहरूले अन्नपात ऐँचोपैँचो गरी लिन्थे । एकपटक धेरै दिनसम्म पैँचो नतिरेको कारण माझीका तीन बालकलाई शेर्पाहरूले अपहरण गरे । धितोको रूपमा आफ्नो ढुङ्गे गाउँमा राखे । जसले आफ्ना बालकहरू शेर्पाहरूको अपहरणबाट मुक्ति दिलाई दिन्छ उसलाई आफूले भोग चलन गर्दैआएको जमिनसमेत दिने घोषणा माझीहरूले गरे । त्यहाँ सिकार खेल्न आइपुगेका बले र वीरबल नाम गरेका दुई सुरेलहरूले बालकहरू रहेको ढुङ्गे गाउँ गई शेर्पाको नायक समेतलाई धनुषवाणको प्रहारबाट मारे । यसपछि माझीका बच्चा सकुशल ल्याइदिए । घोषणा गरेबमोजिम माझीहरूले आफ्नो जमिन छाडिगए । त्यहाँ सुरेलहरूले बसोबास स्थापना गरे (श्री ५ को सरकार, २०३१, पृ. १०७) ।

यस सम्बन्धमा प्रचलित अर्को कथाअनुसार दर्खाबाट आई रस्नालु गाउँ नजिक बसेका एकजना जेस्पोचा थरको छेर्बु नामक व्यक्तिकी एउटी तरुणी छोरी थिई । एक दिन एकजना सुरेल सुरी खोलाको तीरमा सिकार खेलिरहेको बखतमा थामी-काहेप गाउँका माझीहरूले उसलाई समातेर धनुषवाणसमेत खोसी लखेटे । ऊ घर फर्कनलाग्दा अपरिचित व्यक्ति आफ्नो घरतर्फ आइरहेको देखेर छेर्बुले त्यस सिकारी सुरेललाई चोटपटक नलाग्ने गरी दाहिने खुट्टाको बुढी औँलानेर वाण हान्यो । तर छेर्वुकी छोरीले भने सिकारी सुरेलसित मोहित भई उसँग विवाह गर्न बुवासँग आग्रह गरी । विवाह भयो । उक्त सुरेल घरजम गरी त्यही बस्यो (श्री ५ को सरकार, २०३१, पृ. १०७) ।

स्थलगत सर्वेक्षणका क्रममा स्थानीयहरूबाट सुरेल जातिको उत्पत्ति र नामकरणका सम्बन्धमा इन्द्रबहादुर खड्काले आफ्नो शोधपत्रमा प्रस्तुत गरेको धारणासँग मिल्दोजुल्दो विचार दिएका थिए । उनीहरूले दिएको विचारअनुसार आजभन्दा हजारौँ वर्ष पहिले पौराणिक कालमा किरात वंशको बासस्थान मुक्ति क्षेत्र थियो । मुक्ति क्षेत्रमा कुनै समयमा सूर्य मण्डप नाम गरेका राजा शासन गर्दथे । उनका छोरा भएनन् । पाँचवटी छोरी थिए । पाँचवटी छोरीमध्ये चारवटीको विवाह भयो । कान्छी छोरीको विवाह हुन सकेन । विवाहका लागि वरको खोजी गरियो । कोही कसैले मन खाएनन् । अकस्मात् आश्चर्यचकित हुने गरी कान्छी छोरी गर्भवती भइन् । कारण सोधपुछ गरियो । बताउन सकिनन् । वास्तविकता उनलाई पनि थाहा थिएन । उक्त गर्भको कारण कुनै अलौकिक शक्तिलाई दिइयो । ती कन्या सूर्य नारायण देवताको भक्त दिइन् । अत्यन्त धेरै भक्ति गर्दथिन् । पछि सूर्यनारायणकै भक्ति गरेको तथा आशीर्वादको कारणले उनको गर्भ रहन गएको उनले स्वीकार गरिन् । केही महिनापछि उनले छोरालाई जन्म दिइन् । सूर्य नारायणको भक्तिको कारण छोरा जन्मिएको हुँदा उक्त बालकको नाम सुन्दर वीर राखिन । यिनै सुन्दर वीर ठुला भए । विवाह भयो । यिनका पनि पाँचवटा छोरा जन्मिए । लाल सिं, सुर सिं, राम सिं, मान सिं र धन सिं क्रमशः जेठा, माहिला, साहिँला, काहिँला र कान्छा छोरा थिए । यीमध्ये माहिला सुर सिंका दुई छोरा थिए । तिनीहरूमध्ये एउटा जिरी खिम्तीतर्फ लागे । उनका सन्तान जिरेल हुन गए । अर्का सुरी खारेतिर लागे । उनका सन्तान सुरेल हुन पुगे । त्यसैले हामी सुरेल र जिरेल एउटा पुर्खाका सन्तान हौँ । समग्रमा भगवान् सूर्यनारायणको सन्तान भएको कारण हामी सूर्यवंशी हौँ । सूयवंशी हाम्रा पूर्खा भएको हुँदा हामीलाई सुरेल भनिएको हो (अन्तर्वार्ता: चित्रबहादुर सुरेल, साबिक सुरी ७, २०७०/०३/१३) ।

सुरेलहरूको उत्पत्तिको सम्बन्धमा अर्का स्थानीय व्यक्तिले झण्डै माथिकै कुरासँग मेल खाने केही सन्दर्भहरू यस प्रकार बताएका छन्- एकताका दोलखाका नेवार समुदायकाहरूले आफ्नो परम्पराअनुसार कुमारी छोरीहरूलाई गुफामा राख्न सुरी खोलाको छेउमा रहेको गुफामा लगे । ती कुमारीहरूलाई लोग्ने मानिसको अनुहार, घामको किरण वा झुल्को र व्यक्तिगत घरहरू हेर्न निषेध थियो । गुफाबाट बाहिर जानसक्ने अवस्था थिएन । यस बखत एकजना कुमारी कन्यालाई असाध्य तिर्खा लाग्यो । उनी मौका पारेर बाहिर निस्की सुरी खोलामा पानी खान गइन् । यसैबेला भगवान् सूर्य नारायणको किरण उनीमाथि पर्न गयो । गर्भवती भइन् । उनले छोरा जन्माइन् । सूर्य नारायणको भक्तिको कारण छोरा जन्मिएको हुँदा उक्त बालकको नाम सुन्दर वीर राखिन् । अन्य विवरण माथिको जस्तै हो (अन्तर्वार्ताः मानबहादुर सुरेल, साबिक सुरी ८, २०७०/०३/१३) ।

समग्रमा यस जातिका सम्बन्धमा प्रचलित किंवदन्ती एवम् सुरेल जातिका ज्येष्ट नागरिकहरूले प्रस्तुत गरेको विचारले पनि यिनीहरूको वंशगत सम्बन्ध किरात जातिसँग देखाएका छन् । वास्तवमा किरात र सुरेलजातिका बिचमा निकै ठूलो सम्बन्ध छ भन्ने विषयलाई पुष्टि गर्ने दुई तीनवटा आधारहरू छन् । यी मध्ये पहिलो आधारका रूपमा किराती प्रजाति लक्षणसँग सुरेलहरूको शारीरिक विशेषता निकै हदसम्म मेल खानुलाई लिन सकिन्छ । दोस्रो आधारमा यो समुदायले सुरीमा प्राप्त गरेको किपटभूमी स्वामित्व हो (दुलाल, २०७६, पृ. ७५) । किपट शब्द किरात शब्दसँग सम्बन्धित छ । कोही विद्वान्ले किपट शब्द किरात भाषा समुदायको किरातको कि र पत भई किपट भएको हो । पत भन्ने शब्दले रहेको, बसेको, भएको वा छ भन्ने अर्थ दिन्छ । त्यसो हुँदा किरातहरू रहेको वा उनीहरू बसेको जग्गालाई किपत भनियो । यही किपत शब्द अपभ्रंस भई किपट भएको हो भनेका छन् (कन्दङ्वा, २०२०, पृ. ७) । कोही विद्वान्ले लिम्बू तथा अन्य किरातीहरूले जङ्गल फाँडी कमाई गरेको जग्गालाई किपट भनेका छन् (प्रधानाङ्ग, २००९, पृ. १) । कोही कसैले किपट जग्गालाई किरातहरू बसोबास गरेको जग्गाका रूपमा उल्लेख गरेको देखिन्छ (चेम्जोङ्ग, २०१८, पृ. ५६) ।

यस प्रकार किपट भूमि व्यवस्थाको सम्बन्ध किरात जातिसँग रहनु, सुरी क्षेत्रमा बसोबास गर्ने सुरेल जातिले किपट जग्गा प्राप्त गर्नु र कतिपय जनश्रुतिहरूले सुरेलहरूको पुर्ख्यौली सम्बन्ध किरातहरूसँग जोड्नु यी तीनवटा आधारहरूले सुरेल र किरात समुदायका बिचमा रहेको प्रजातीय सम्बन्धलाई पुष्टि गरेका छन् । तेस्रो आधारका रूपमा सुरेल जातिको लोकबाजा र किरात जातिको लोकबाजा बिचको तालमेललाई लिन सकिन्छ (दुलाल,२०७६, पृ. ७५) । जोर मुर्चुङ्गा र पात काइयो नाम गरेका दुईवटा बाजाहरू सुरेल समुदायका अति प्रचलित लोकबाजाहरू हुन् । यी दुई बाजाको सम्बन्ध किराँत जातिसँग छ । जोर मुर्चुङ्गा ओखलढुङ्गा तथा खोटाङ्गमा प्रचलित सुर बाजा हो । किरात जातिको यो बाजा मुखमा राखेर बजाइन्छ । पात काइयो किराँती बालाहरूको बाजा हो । पहाडी वनमा चेलीबेटीहरूले घाँसपात गर्दै चौतारामा थकाई मार्दै गीत गाउँदै यो बाजा बजाउँदछन् (कँडेल, २०६१, पृ. २७, ८६, १३६) ।

सुरेल जातिको लोकबाजा र किरात जातिको लोकबाजा बिचको निकै समानता छ । लोकबाजामा पाइने समानताले पनि सुरेल जातिको सम्बन्ध किराँत समुदायसँग रहेको विषयलाई पुष्टि गर्न सहयोग गरेको छ । लोकबाजाका साथै किपट भूमि व्यवस्थाले पनि सुरेल जाति र किरात जातिका बिचमा जातीय सम्बन्ध रहेको सन्दर्भलाई सङ्केत गर्दछ । तर अन्य धेरै पक्ष विशेषतः सामाजिक सांस्कृतिक तथा धार्मिक परम्पराका विषयामा यी जातिका बीचमा त्यति उल्लेखनीय समानता पाइदैन । त्यसैले सुरेल जातिलाई पृथक समुदायका रूपमा लिनु पर्दछ ।

## जनसङ्ख्या तथा बसोबास

सुरेल जाति जनसङ्ख्याका आधारमा अल्पसङ्ख्यक लोपोन्मुख समुदायअन्तर्गत पर्दछ (दुलाल, २०७६, पृ. ७४)। यस समुदायको जनसङ्ख्याका विषयमा खासै जानकारी पाउन सकिँदैन। वि.सं. २०५८ र २०६८ को दुबै जनगणनामा सुरेलको छुट्टै जनसङ्ख्या गणना गरिएको थिएन। सायद त्यसबखत अन्यमा सुरेललाई समावेश गरिएको हुनुपर्दछ। जनसङ्ख्याका दृष्टिले यो समुदाय अल्पसङ्ख्यक समुदायअन्तर्गत पर्दछ। गौतम र थापा मगरले यो जातिको जनसङ्ख्या २५० रहेको विवरण दिएका छन् (Gautam & Thapa Magar, 1994, p. 250)।

अनुसन्धानकर्ता खड्काले सुरी गाविसका वडा नं. ७ मा २९ घरधुरी र वडा नं. ८ मा ४ घरधुरी गरी जम्मा ३३ घरधुरी मा १३८ जनसङ्ख्या रहेको विषय उल्लेख गरेको देखिन्छ (खड्का, २०५५, पृ. २३)। मधुसुधन आचार्यले पनि यिनीहरूको कूल जनसङ्ख्या २२७ रहेको उल्लेख गरेका छन् (आचार्य, २०६६, पृ. १६)। स्थानीयका अनुसार दोलखा जिल्लामा मात्र यो जातिको बसोबास रहेको र यहाँ हाल लगभग २२० जनसङ्ख्या भएको बुझिन्छ (अन्तर्वार्ता: चित्रबहादुर सुरेल, साविक सुरी ७, २०७०/०३/१३)।

सुरेलहरूको बसोबास मूलतः दोलखा जिल्लाको सुरी खोलाको दायाँ बायाँका दोभान र खहरेमा पाइन्छ। यसबाहेक यिनीहरू दोलखा जिल्लाको खारे गाउँ र बाबरे गाउँमा पनि बसोबास गर्दछन् (दुलाल, २०७६, पृ. ७४)। नेपालबाहिर भारतको दार्जिलिङको सुनदह भन्ने ठाउँमा समेत यिनीहरूको बसोबास रहेको छ। तर यहाँ यिनीहरू दोलखाको सुरी गाविसबाटै बसाई सरी आएका हुन् (खड्का, २०५५, पृ. २३)।

सुरीगाउँ सुरेलहरूको आदि थलो होइन। सुरी क्षेत्रमा सुरेलहरूको बसोबास पृथ्वीनारायण शाहको एकीकरण अभियानभन्दा अघिबाटै थियो। सुरेलहरू आफैले आफूहरू सुरीमा आएको बेला दोलखामा नेवार राजा रहेको बताउँदछन्। वास्तवमा पृथ्वीनारायण शाहले एकीकरण गर्नुअघि दोलखामा मल्ल राजाहरूको आधिपत्य थियो। सुरी सुरेलहरूको किपट भएको कुरामा त्यहाँ सबै बासिन्दाहरूको एक मत छ। तर कहिलेबाट यिनीहरूले किपट पाए त्यसको लिखत पाइएको छैन (दुलाल, २०७९, पृ. २८९)। नेपालमा किपट भूमि व्यवस्थाको प्रारम्भ विशाल नेपाल एकीकरणपछि मात्र भएको हो। सुरीमा सुरेलहरूको किपट प्राप्त गरेको हुँदा त्यस बखतसम्म सुरीमा सुरेलहरू व्यवस्थित एवम् सङ्गठित रूपमा बस्न थालिसकेको विषयलाई सङ्केत गरेको छ (एकीकृत हातेमालो समाज नेपाल, २०७०, पृ. ६४)।

## सुरेल समुदायका लोकदेवीदेवता एवम् पूजा उपासना विधि

सुरेल समुदायमा हिन्दू तथा बौद्ध धर्मको प्रभाव परेको देखिन्छ। यिनीहरू जन्मदेखि मृत्युसम्मका संस्कारगत कर्महरू सम्पादन गर्ने आफ्नै प्रकारका विधिविधान तथा कर्मकाण्डहरूको प्रयोग गर्दछन् (त्रिपाठी र खड्का, २०५१, पृ. ६९)। यद्यपि यो समुदायमा हिन्दूधर्म मान्नेहरूको सङ्ख्या तुलनात्मक रूपमा बढी छ। यद्यपि यिनीहरू परापूर्व कालदेखि नै बौद्धधर्मका अनुयायी थिए। वि.सं. १९९२ मा अबिरे सुरेलको बाजेले दिएको ताम्रपत्रमा उल्लेख भएको सन्दर्भलाई आधार बनाउँदा निसानप्रसाद न्यौपाने ब्राह्मणलाई वि.सं. १९९२ मा आफ्ना धार्मिक अनुष्ठान सम्पन्न गर्दा चलाएको बुझिन्छ। यसवेला उक्त न्यौपाने ब्राह्मणले गजे सुरेल, कल सुरेल, कतुवा सुरेल, बिरुल सुरेल, पूर्णे सुरेल जस्ता धेरै सुरेल युवाहरूको व्रतबन्ध सम्पन्न गरिदिएका थिए। यसैवेलादेखि बौद्ध धर्मालम्बी सुरेलहरू हिन्दूधर्मका अनुयायी भएका हुन्। मूलतः सुरेलहरू प्रकृति पूजक हुन्। बोन धर्म मान्दछन्। दैवीशक्ति माथि विश्वास गर्दछन्। विभिन्न देवीदेवताका थानहरूमा पशुवलि दिन्छन्। जुनसुकै शुभकार्यमा पनि

यस जातिका पहिलो पुर्खा मानिने किकिपूर्णे ठाकुरलाई सम्झँदै खानेकुराहरू चढाउने प्रचलन रहेको छ (आचार्य, २०६६, पृ. १२)।

सुरेल समुदायका परम्परागत रूपमा पूजाउपासना गर्दैआएका लोकदेवीदेवताहरू पनि छन्। समुदायमा कुल, पितृ, भूमे, सेतीदेवी, सेती नाग, वननाग, आइतबारे (गोठको रक्षक), गङ्गा, नोकन्दे, कोमेला माई, ईवी, रेल, वासी (इन्द्र धनु), वाम्वु, श्रीठाले, श्रीचन्द, जासीठाले, इतितठाले, मसाने, वनझाँक्री, कालो भूत जस्ता देवीदेवतालाई मान्ने र मानमनितो चढाउने चलन छ (त्रिपाठी र खड्का, २०५१, पृ. ६९)। उक्त देवीदेवतालाई यो समुदायमा पूजा उपासना गरिने प्रमुख लोकदेउदेउता हुन्। सुरेल जाति पनि स्थानीय देवीदेवताको उपासक समुदाय हो। अतः यिनीहरूलाई लोकदेउदेउता उपासक समुदायका रूपमा लिन सकिन्छ।

## भूमे देवता एवम् पूजा उपासना विधि

भूमे सुरेल समुदायका महत्त्वपूर्ण देवता हुन्। सुरीको सुरेल गाउँको मध्यभागमा एउटा ठुलो लाकुरीको वृक्ष छ। उक्त वृक्षस्थानलाई नै भूमेस्थान मानी पूजाउपासना गर्दछन्। लाकुरीको यो वृक्ष सुरेलहरूका पूर्वजले रोपेको हो भन्ने यिनीहरूमा विश्वास छ। यस स्थानमा भूमेदेवताको पूजा सुरेलहरू वर्षको दुई पटक गर्ने गर्दछन्। भूमेदेवतालाई वर्षा ऋतु प्रारम्भ हुनुअघि जेठ महिनामा उभौली र हिउँद ऋतु प्रारम्भ हुनुअघि मङ्सिरमा उधौलीको रूपमा दुईपटक पूजा गर्ने चलन छ। भूमे पूजा गर्दा भूमेस्थानमा पिठोले रेखीहाली चौबिसवटा कोठा बनाइन्छ। उक्त रेखीमाथि केराको पात बिछ्याउँदछन्। त्यसमा २४ वटा डबका र २४ वटा कुलीनमा जाँड र त्यसमाथि टोटलाको फूल राखिन्छ। यसपछि त्यहीदिन मारिएका २४ वटा चराहरू राखी आफ्नै भाषाबाट शक्ति मागी पूजा चढाउँछन्। यसरी भूमे बुझाउँदा राबस्नीदेवी पाइसानिई छेवी पाइसोनेइ, पीखाली नेवी पाइसानेई, छेवी पाइसोनेई, डाँडाटोल नेवी पाइसानेइ छेवी, पाइसोनेई गोन्गोड पाइसानेई छेवी पाइसोनेइ लहरे माने पाइसानेइ छेवी, पाइसोनेइ पुछारखर्गा पाइसोनेइ छेवी, पाइसोनेइ सकर्प पाइसानेई छेवी पाइसानेइ छेवी पाइसोनेइ, छिरुखर्गु पाइसानेइ छेवी पाइसोनेइ ....सदासेरीनेवी पाइसानेइ छेवी पाइसानेइ छेवी पाइसोनेइ जस्ता विभिन्न मन्त्रहरू उच्चारण गर्दछन्।

भूमेपूजा स्थानीय सुरेल समुदायको झाँक्री ढ्याङ्ग्राद्वारा गरिन्थ्यो। ३५ वर्षपछि उक्त झाँक्री ढ्याङ्ग्रेको मृत्यु भयो। त्यसले गर्दा विधिपूर्वक भूमेपूजा गर्ने परम्परा रोकिएको थियो। वि.सं. २०६५ मङ्सिर २५ बाट भने पुनः प्रारम्भ भएको छ। भूमे भनेका भूमिका देवता हुन्। भूमेपूजा भनेको भूमिको पूजा हो। कृषिमा अश्रित यो समुदायले कृषि पेसा सप्रियोस् भनेर भूमेपूजा गरेका हुन्। खासगरी वर्षा राम्रो मह बाली सप्रियोस् भनी उभौलीको पूजा गरिन्छ। चरा, मुसा, रोग व्याध आदि नलागोस्, दैवी विपत्ति नपरोस् भनी उधौलीको पूजा गर्ने परम्परा छ (अन्तर्वार्ताः कविराज सुरेल, साबिक सुरी-८, २०७०/०३/१६)। यो सन्दर्भले भूमे सुरेल समुदायका महत्त्वपूर्ण देवता हुन् भन्ने विषयलाई पुष्टि गर्दछ।

## कूलदेवता एवम् पूजा-उपासना विधि

कुलपूजा परम्पराले सुरेल समुदायमा प्रचलनमा रहेको झारफुक एवम् तन्त्रमन्त्र परम्परालाई पुष्टि गर्दछ। कुल पूजा गर्दा झाँक्रीले कुललाई आफूमा ल्याउन अनुरोध तथा आह्वान गर्दछन्। जबसम्म कुल धामीको शरीरमा चढ्दैनन् तबसम्म धामी काम्न सक्दैन भन्ने विश्वास यिनीहरूमा पाइन्छ। सुरीमा प्रारम्भमा दुर्विचा थरका सुरेलहरूको बसोबास थियो। कुल पुजारी पनि दुर्विचा थरकै हुने गर्दथे। श्री वुङ वा बाम्वु सुरेलहरूका

कुलदेवता हुन् । यिनको उत्पत्ति सिमङ्गकी भन्ने ठाउँबाट भएको हो । यिनलाई सुरेलहरू महत्त्वपूर्ण देवताका रूपमा उपासना गर्दछन् ।

सुरेल जातिका मानिसहरू कुलका उपासक हुन् । यिनीमा कुलायनपूजा गर्ने चलन छ । यिनीहरू श्रीबुङ वा श्रीवाम्बुलाई संसारको सृष्टिकर्ताका रूपमा सबैभन्दा ठूलो देवता मान्दछन् । आ-आफ्नो घरपरिवार, समाज, समुदाय सबैको रक्षा होस् भनेर यिनको पूजा उपासना गर्दछन् र वलि चढाउँदछन् (त्रिपाठी र खड्का, २०५१, पृ. ६९) । देवताको विशेष पूजा चण्डी पूर्णिमाका दिन हुन्छ । कुलदेवताको थान घरभित्र रहन्छ । कुल बुझाउन राँगो र कुखुराको वलि दिने गर्दछन् । केही वर्ष अघिसम्म पनि कुलपूजा भव्यताका साथ हुने गर्दथ्यो । तर हिजोआज कमजोर आर्थिक अवस्थाका कारण त्यति भव्य हुन छाडेको स्थानीयहरू बताउँदछन् (अन्तर्वार्ताः मङ्गले सुरेल, साबिक सुरी ७, २०७०/३/१५) ।

कुलपूजाका लागि राँगो र कुखुरा तयार पारिन्छ तर राँगोलाई भने बाहिर आँगनमा भोग दिने गर्दछन् । राँगो भोग चढाउँदा विशेष पूजाआजा प्रक्रिया पूरा गर्ने चलन छ । सर्वप्रथम राँगो कटुसको खाँबोमा बाँध्नु पर्दछ । शुद्ध पार्न पखाल्दछन् । राँगो ठुलो र बलियो भए चार खुट्टामा डोरीले बाँधिन्छ । यी प्रकिया पूरा भएपछि धनुषमा बाण राखेर राँगालाई हान्नुपर्दछ । यसो गर्नाको साङ्केतिक अर्थ छ । यसलाई आफ्ना धनुषवाणधारी सिकारी पुर्खाको सम्झना गरेको अर्थ गर्दछन् । धनुषवाणले राँगो तथा कुखुराको मासु पकाई सर्वप्रथम कुलदेवतालाई चढाउँदछन् । पछि प्रसादको रूपमा वितरण गरिन्छ । यो सम्पूर्ण कर्म नाक्सो वा झाँक्रीले गर्दछन् ।

जाँड कुल बुझाउँदा अनिवार्य रूपमा रहनु पर्दछ । जसका घरमा कुलपूजा गर्ने हो उसैकहाँ सबैभेला हुन्छन् । मूल पुजारीले कुल बोलाउँछन् । कुल बोलाउँदा आफ्नो पुरानो थातथलो र त्यहाँबाट बसाइँ सर्दैआएको ठाउँको नाम पुकारिन्छ । यसवेला धूपधुवाँरसहित तितेपातीका मुन्टाले अभिषेक गरी पुजारीलाई जाँड चढाउँछन् । जाँडलाई सगुनका रूपमा लिइन्छ । माटाको घडामा शुद्ध जल राख्दछन् । यसपछि पुजारीले कुलको कैरन ल्याउन प्रारम्भ गर्दछन् । कैरन ल्याउँदा एकां, कास्थली, सीमा गढी, भोमाङ गढी, जेमिनी...........सुनखरी नाम्जा सुनकै गजो.............केराका पातमा राखी............भन्ने मन्त्र उच्चारण गरिन्छ । मन्त्र फलाक्दै जाँदा लय मिलाउँदछन् । जब धामी काप्न थाल्दछ त्यसपछि कुल आइपुगे भन्ने विश्वास गरी भोग दिने कर्म गरिन्छ (खड्का, २०५५, पृ. २९) ।

## इवी भगवती एवम् पूजा-उपासना विधि

सुरेल समुदायमा परापूर्वकालदेखि पूजा गरिँदै आएका लोकदेव देवताहरूमध्ये इवी भगवती पनि महत्त्वपूर्ण देवी हुन् । इवी जलदेवता हुन् । सुरेलहरू भूमेदेवता ठुला रुखका फेदमा बस्दछन् भने भगवती पानीका मुहानमा रहन्छन् भन्ने विश्वास गर्दछन् । सुरीको पानीको ठुलो मुहान भएको स्थानमा इवी भगवतीको एउटा मन्दिर छ । यस मन्दिरमा पहिला पहिला नियमित पूजा उपासना हुने गर्दथ्यो । प्रत्येक वर्ष जात्रा लाग्दथ्यो । जात्राका समयमा स्थानीय सुरेल समुदायका झाँक्रीहरूको जिउमा इवी भगवती चढ्ने र झाँक्रीले विभिन्न किसिमका घटनाविवरणसहितका कैरन ल्याउने गर्दथे तर हिजोआज कुनै पर्व मनाएमा इवीलाई सम्झने चलन भने अद्यावधि छँदैछ (अन्तर्वार्ताः हरिबहादुर सुरेल, साबिक सुरी- ७, २०७०/३/ १५) ।

सुरी गाउँमा एउटा इवीथान छ । सिकार खेल्न जाँदा वनमान्छे (यारी) ले सधैँ दुखदिने हुँदा एउटा सिकारीले त्यसलाई मार्ने जुक्ति निकाल्यो । उक्त जुक्तिअनुसार सिकारीले काठको सानो आरीमा एउटामा सल्ला खोटो र अर्कोमा घ्यू राख्यो । उक्त वनमान्छेले घ्यूको सट्टा सल्लाको खोटो जिउमा दलेर आगामा सेकाउन खोज्दा जिउमा

आगो लाग्यो । वनमान्छे सधैँको लागि त्यहाँबाट भाग्यो । सोही घटनाको सम्झनामा इवी बुझाउने पर्व मनाउँदछन् । इवी बुझाउँदा अम्रिसाको गुवा (टुप्पा)को मालाको फेटा बाँधेर धामी नाच्दछ । उक्त दिन चरा मार्न लगाइन्छ । उक्त चरा त्यहाँ राख्दछन् । पछि पूजा सकिएपछि पकाएर प्रसादको रूपमा खाने परम्परा पाइन्छ ।

## थानी देवता एवम् पूजा-उपासना विधि

सुरेल समुदायमा ग्रामथानको पूजा गर्ने परम्परा पनि छ । यस्ता थानमा कुलदेवताका रूपमा श्री वम्बु, भूमे, इबी, श्री ढोल, श्री चन्द जसिढोल, इतितढो, किर्किस्तानी सेली भूमे (वन भूमे), सेती देवी (वनदेवी), सेती नाग (वन नाग), आइतबारे (गोठक रक्षक), गङ्गा, कोमलामाई (स्वास्थ्य रक्षक), रेल बासी (इन्द्र धनु) आदिजस्ता देवीदेवताहरूको पूजा उपासना हुन्छ । थानी पूजा मूलतः नयाँवाली भित्र्याउँदा र दसैँको अवसरमा गर्ने गर्दछन् । यस अवसरमा नयाँवाली थानीलाई चढाएर मात्रै आफूहरूले खाने गर्दछन् । थानी पूजा गर्दा भाकलअनुसार बोका, पाठी, माछा, कुखुरा, चरा, परेवा आदिको पूजासहित बलि दिइन्छ । थानीमा बत्ती बाली नाक्सो वा पुरोहितद्वारा पूजा हुन्छ । पूजा सम्पन्न भएपछि सबै मिलेर भोज खान्छन् (अन्तर्वार्ताःचक्रबहादुर सुरेल, साबिक सुरी-७, २०७०/३/१५) ।

यो समुदायमा मङ्सिर पूर्णिमामा देवीथान, भूमेथान, श्री वम्बुथान, चन्द्रथान र द्यदलो सिकारी थानमा सिन्दूर, धूप, फूल, अक्षता, तोर्माजस्ता सामग्रीद्वारा पूजा-उपासना गरी पशुपन्छीको वलि चढाउने चलन छ । खेतमा बीज-बिजन छर्नुअघि र नयाँ बाली भित्र्याएपछि विभिन्न देउदेउताको पूजा-उपासना गर्दछन् । नयाँ बाली प्रयोग गर्दा पहिले न्वागी पूजा गर्ने परम्परा छ । त्यसपछि मात्र खाने गर्दछन् (त्रिपाठी र खड्का, २०५१, पृ. ६९) ।

## पितृदेवता एवम् पूजाउपासना विधि

धर्म तथा देवोपासनाको उत्पत्तिका सम्बन्धमा जेजस्ता सिद्धान्तहरू जन्मिए, तीमध्ये पूर्वज पूजाको सिद्धान्त निक्कै महत्त्वपूर्ण मानिन्छ । मानिसमा परापूर्वकालदेखि नै आफ्ना मृत पूर्वजहरूलाई आदर सत्कारले हेर्ने मनोविज्ञान रहँदै आएको छ । अतः आफ्ना आदरणीय पूर्वजहरूलाई मानिसले पूजा गर्दै आयो । कालान्तरमा तिनै पूर्वजहरूले देवीदेवताको रूप धारण गरे (शर्मा, २०३९, पृ. ११०-१११) । मृतकलाई आवश्यक वस्तुसहित जमिनमा गाड्ने परम्परा पूर्वज तथा पुर्खाहरूप्रति कृतज्ञता निवेदन गर्ने धार्मिक विश्वास हो । पूर्वी दक्षिण एसिया, पूर्वी एसिया लगायतका विश्वका सबैजसो स्थापित तथा सङ्गठित धार्मिक परम्परा एवम् प्राचीन र आदिम समाजका संस्कृतिहरूमा आज पनि पितृपूजाको प्रधानता देखिन्छ (खत्री, २०५५, पृ. १२५) ।

विश्व प्रसिद्ध भारतीय दार्शनिक सन्त स्वामी विवेकानन्दले मिश्र, बेबिलोनजस्ता प्राचीन सभ्यतामा मानिसको आत्मालाई दोस्रो रूप मानी मृत्युपछि पनि आत्मा जीवित रहन्छ भन्ने कुरामा विश्वास कायम छ भनेका छन् (Swami, 1972, p.15) । पितृपूजा कुलका प्रसिद्ध व्यक्ति पुर्खा तथा पूर्वजलाई देउदेउता मानेर निश्चित तिथि र समय निर्धारण गरी वार्षिक, अर्धवार्षिक, त्रैमासिक, मासिक र दैनिक रूपमा श्रद्धापूर्वक भक्ति अर्पण गर्ने परम्परा हो । यो परम्परा प्रायः सबैजसो जातीय समुदायमा पाइन्छ ।

सुरेल समुदायमा पनि आफ्ना पितृको सम्झनामा पूजा उपासना गर्ने परम्परा पनि छ । जसलाई उनीहरू टोकरी पूजा भन्दछन् । सुरेलहरू आफूलाई वीर सिकारीका सन्तान मान्दछन् । त्यसैमा उनीहरू गर्व गर्ने गर्दछन् । आफ्ना त्यस्ता वीर पुर्खाहरूको सम्झना र सम्मानमा यो पूजा सम्पन्न गर्ने चलन छ । धनुषवाण सुरेलहरूका वीर सिकारी पुर्खाको प्रतीक हो । उनीहरूका पुर्खाको सम्झनाका लागि सम्पन्न गरिने टोकरी, पूजामा राँगालाई

धनुषवाणले तीर हानी मार्ने परम्परा छ । यो पूजा नाक्सा वा पुरेतद्वारा गरिन्छ । यो पूजा सम्पन्न गर्दा जाँड अनिवार्य रूपमा हुनुपर्दछ । टोकरी पूजामा भातसहितको भोज खान्छन् ।

## किकि-तानी देवता एवम् पूजा-उपासना विधि

किकि-तानी सुरेल समुदायमा पूजा उपासना गरिने महत्त्वपूर्ण देवता हुन् । यिनी सुरेलहरूका घरको रेखदेख अर्थात् रखबारी गर्ने देवता मानिन्छन् । यिनलाई सुरेल समुदायमा मानिसहरूले ठुलो आदर तथा सम्मानका साथ मान्ने गर्दछन् । यी देउताको उत्पत्तिका सन्दर्भमा एउटा घतलाग्दो कथा यस प्रकार छ । उहिले सुरी गाउँको एकजना सुरेलको घरमा एउटा दनुवार थरको मानिस हली बसेछ । सुरेलका घरमा गोरु जोतिरहने इच्छा नभएकाले जोत्ता जोत्दै फाली भाँचिँदो रहेछ । ढुङ्गामा ठक्कर लागेर फाली भाँचिएको भन्दोरहेछ । हलीको भनाइ विश्वास नगरी सुरेलले चेवा गर्दा फाली नाच्दै गरेको फेला पार्‍यो । सुरेलले यो के गरेको भनी प्रश्न गर्दा सुनुवार केही नभनी रोएर बसे । पछि आफ्ना सबै सामग्री रुखको टोड्कोभित्र राखेर उक्त हली सुरी खोलामा फाल हानेर आत्महत्या गरेछन् । दुई वर्षपछि उक्त हली एउटा झाँक्रीको जिउमा उत्रिन गयो । जिउमा उत्रिएको वायुले मेरा गल्तीको लागि मलाई माफ गरिदिनू म सुरेलहरूको रक्षा गर्ने छु । उक्त हली वायु भएर झाँक्रीको जिउमा चढेकाले प्रत्येक सुरेलको घरमा ढुकुटीको दायाँ कुनामा सोठली दनुवारको सम्झनामा किकितानी देवताको स्थापना गरी पूजा गर्न थालिएको हो । त्यसैले सुरेलहरूमा जुनसुकै नयाँ चिजबिज खान परेमा र नयाँ कार्य भएमा पनि किकितानीलाई चढाउने वा पुज्ने चलन छ (श्री ५ को सरकार, २०३१, पृ. १०८-१०९) ।

## चन बुझाउने

सुरी गाउँको पिपलडाँडामा चन बुझाउने स्थान छ । त्यहाँ सातवटा ढुङ्गा गाडी ढुङ्गामाथि स्याउली राखी काँचो धागो बान्दछन् । उक्त स्थलको फेदमा पिठोको रेखीले सातवटा कलात्मक कोठा तयार पारिन्छ । ती प्रत्येक कोठामा मकै, गहुँ, चामल, भुटेर बनाइएको सातुको सोल्मा, सातवटा कुखुराको फुल, सातवटा कुखुरा, सातवटा चरा, सातवटा पुङ्ग, दुइवटा बास्न लागेका भाले राख्दछन् । यसवेला झाँक्रीले नाचङ्गिलाई गेलेवो, ओखरबोटे गेलेबो, पुछारखर्कको गेलेबो मस्दिडपिके गलेबो, फम्सुरइला गेलेवो, टुनला गेलेवो, ओखरेला गेलेवो भन्दै आफ्नै भाषामा मन्त्र जप्दै वरपुकार माग्दै काँप्दै, प्रत्येक पुङको जाँड छर्कंदै सातैवटा अण्डा फुटाउँछ । सातैवटा कुखुरा काट्दछ । दुईवटा भालेको जोड्ले काँप्दै टाउको चुडाउँछ । अण्डाको एउटा बाबर (रोटी) हाली मासु पकाई रमाइलो गर्दै खाने गर्दछन् । लगभग २५ वर्षयता झाँक्री ढ्याङ्ग्रेको मृत्यु भएपछि यो विधि गरेको थिएन । पछि वि.सं. २०६५ मङ्सिर २६ गते र वि.सं. २०६६ जेठ २६ गते शिवबहादुर सुरेलले पुनः सञ्चालनमा ल्याएका हुन् (आचार्य, २०६६, पृ. १५-१६) ।

## दोक्री बुझाउने

यो सुरेल समुदायमा सम्पादन गरिने झारफुक एवम् तन्त्रमन्त्रसँग सम्बन्धित महत्त्वपूर्ण कार्य हो । यो कार्य सम्पादन गर्दा धामीलाई कुल चढ्छ । कुल चढ्दा धामी काँप्दछन् । यो कर्म गर्दा चामलको पिठोले आँगनको बिचमा रेखी हालिन्छ । रेखीको चार सुरमा कटुसको सेउली गाड्दछन् । प्रत्येक सेउलीको भेदमा जाँडसहितको माटाको घैंटो (प्वाड) र घैंटामाथि टोटलाको फूल राखिन्छ । रेखीभित्र कटुसको एउटा किल्ला गाड्दछन् । उक्त किल्लामा तितेपातीले पानी छर्की शुद्ध पारेको राँगा बाँधिन्छ । यसपछि सुरेलको मुख्य नाक्सो र झाँक्रीले आफ्ना इष्ट देवतालाई टोटलाको फूल, अम्रिसो र चोखो जाँडले सेरगेम गर्दै धनुषवाण पूजा गर्दछन् । धनुषवाण पूजा गरेपछि कुल चढेको उक्त झाँक्री काँप्दै राँगाको फोक्सो र मुटुमा पर्नेगरी वाण प्रहार गरी राँगा मार्दछन् । मारिएको राँगाको मासु परिवारका सबै सदस्य इष्टमित्र बसी जाँड-रक्सी साथ खाने चलन छ । झाँक्री भने राँगाको टाउको

समातेर निरन्तर नाचिरहन्छ । यो कर्मलाई सुप्सिर भन्दछन् । गाउँका अग्रजको घरमा यो कर्म गरिन्छ । यो कर्म वि.सं. १९९१ मा अन्तिमपटक अबिरे सुरेलका घरमा भएको थियो (आचार्य, २०६६, पृ. १३) ।

## अन्य देवीदेवता एवम् पूजा-उपासना विधि

सुरेल समुदायमा उपासना गर्ने माथिका लोकदेउदेवताका साथै अन्य केही देवीदेवताहरू पनि छन् । यस्ता लोकदेउदेवताहरूमा श्रीढोल, श्रीचन्द्र, जसिढोल, इतितढोल (दुमाढोल), सेतीभूमे (वन भूमे), सेतीदेवी (वनदेवी), सेतीनाग (वन नाग) आइतबारे (गोठको रक्षक), गङ्गा, नोकन्दे, कोमेलामाई (स्वास्थ्य रक्षक), रेल, बासी (इन्द्र धनु) आदि महत्त्वपूर्ण मानिन्छन् । सुरेलहरू मङ्सिर पूर्णिमा र जेठ पूर्णिमामा देवीथान, भूमेथान, श्रीबाम्वु थान, चन्दथान, द्वावलीथान, सिकारी थानादिमा सिन्दूर, धूप, कपूर, फूल, अक्षता, तामा आदिले पूजा गरी फूल, पशुपङ्क्षी वलि चढाउने चलन छ (श्री ५ को सरकार, २०३१, पृ. १०८-१०९) ।

## भूतप्रेत, बोक्सी, डाइन एवम् मन्साउने, पन्छाउने, झारफुक विधि

सुरेल समुदायमा भूतप्रेत बोक्सी, डाइन जस्ता अदृश्य शक्तिमाथि निक्कै विश्वास गर्ने चलन छ । वायुमसान, सिकारी, छौंडा, कालोभूत, मुर्कुटाजस्ता अदृश्य शक्तिलाई खतरनाक मान्दछन् । सिमे, भूमे, नाग देवीदेवतालाई सामान्य रूपमा लिने चलन छ । हिजोआज सुरेलहरूमध्ये ज्यादै थोरै बुढापाकाहरू मात्र झारफुक गर्ने भूतप्रेत देवीदेवताको भाकल गर्ने र मन्छाउने गर्दछन् । यो समुदायमा आफ्नै जातीय धामीझाँक्री थिए । आजभन्दा लगभग २८/२९ वर्ष अघि झाँक्री ढ्याङ्ग्रे भनिने एक धामीको मृत्यु भएपछि धामीझाँक्री परम्पराको महत्त्व कम हुँदै गएको हो । हिजोआज ढ्याङ्ग्रो ठोकेर भूत तथा दोख बोलाउने झाँक्री सुरेलहरूमा छैनन् । यदि कोही बिरामी भएमा अन्य जातिको धामी बोलाई झारफुक गर्ने तथा ढ्याङ्ग्रो ठोकी चिन्ता बसी जोखाना हेर्ने चलन छ । मन्छाउने र भूत धपाउने कुराहरू पनि धामीहरूले गर्दछन् ।

यो समुदायमा घरमा कोही विरामी परेमा सर्वप्रथम कुल देवतालाई धूप बत्ती, सगुन भेटी चढाउने गरिन्छ । कुलदेवता नबुझाई अन्य भूतप्रेत, मसान धपाउने गरिँदैन । पशुपङ्क्षीहरूलाई रोग नलागोस् भनी सिकारी बुझाइन्छ । यो समुदायमा हिन्दू धर्मग्रहण नगरुन्जेलसम्म धामी झाँक्रीमा धेरै विश्वास गर्ने परम्परा थियो । जन्मेदेखि मृत्युसम्मका जे जस्ता संस्कार सम्पन्न गरिन्थे, जे जस्ता धार्मिक अनुष्ठानहरू सम्बोधन हुन्थे, त्यस्ता कर्ममा धामीझाँक्रीको योगदान एवम् भूमिका उल्लेखनीय हुने गर्दथ्यो तर हिजोआज धामीझाँक्रीप्रतिको विश्वास एवम् झारफुक परम्परामा निकै कमी आउन थालेको छ (अन्तर्वार्ताः टेकबहादुर सुरेल, साबिक सुरी-८, २०७०/०३/१७) ।

सुरेल समुदायमा धामीझाँक्रीप्रतिको विश्वास एवम् झारफुक विधि केही वर्ष अघिसम्म पनि निकै लोकप्रिय एवम् प्रभावकारी रूपमा अस्तित्वमा थियो । हिजोआज खासगरी १९९२ देखि यो परम्परामा निकै कमी आउन थालेको छ । सुरेलहरू झाँक्रीलाई पोयम्बो, झाँक्रिनी वा धमिनीलाई गियामिनी, पुजारीलाई नाक्सोठ भन्दछन् । सुरेल समुदायमा मानिसलाई यस्ता धामीझाँक्री पुरोहित, देवारी र पुजारीहरूले सेतो जामा र पगरी लगाई ढ्याङ्ग्रो बजाउँदै देवीदेवता, भूतप्रेत, कुल पितृलाई मनाउने, विभिन्न चाडपर्वको पूजा, जातीय संस्कार सम्पन्न गराउने, बिरामी पर्दा व्यथा खुट्याउने, दशा ग्रह हेर्ने र दरदबाई गर्ने गर्दछन् भन्ने विश्वास छ (श्री ५ को सरकार, २०३१, पृ. १०८) ।

## निष्कर्ष

प्रस्तुत लेख सुरेल समुदायका देवीदेवता तथा तिनीहरूको पूजाउपासना विधिविधान तथा कर्मकाण्डहरूको अध्ययन, सर्वेक्षण, पहिचान तथा विश्लेषण गर्ने उद्देश्यले सम्पन्न गरिएको हो । सुरेल जातिमा आफ्नै प्रकारका मौलिक विशेषता पाइन्छन् । यो जाति जनसङ्ख्याका आधारमा अल्पसङ्ख्यक लोपोन्मुख समुदायअन्तर्गत पर्दछ । वि.सं. २०५८ र २०६८ का दुवै जनगणनामा सुरेलको छुट्टै जनसङ्ख्या गणना गरिएको थिएन । सुरी क्षेत्रमा हाल लगभग २२० जनसङ्ख्या भएको बुझिन्छ । दिगर्चा, गौतत्वा, भारोत्वा, कियोम्पतित्वा, कोनासु, लार्गली, लोङपुत्था, परगत्वा, तोङ्गपुत्वा जस्ता थरहरू यस समुदायमा पाइने मूल थर थिए । हिजो आज सुरी क्षेत्रमा दुर्विचा, जेर्स्पोचा (दरकात्वा), रोङकु, गलेरूङ वा गुरूङ र यता जेठी गरी पाँचवटा थरका सुरेलहरू मात्र पाइन्छन् । सुरेलहरू आफूलाई किराती वीर सिकारीका सन्तान ठान्दछन् । यिनीहरूको शारीरिक रूप, रङ्ग एवम् संरचनासमेत मङ्गोलियन समुदायका अन्य मानिसहरूसँग मिल्दछ ।

सुरेल समुदाय हिन्दू धर्मावलम्बी समुदाय हो । धार्मिक मत र विश्वासअनुसार नै देवीदेवता, तिनीहरूको पूजाउपासना विधि र अन्य सांस्कृतिक परम्परा निर्देशित छन् । लोकदेवीदेवता एवम् पूजा उपासना विधि पनि आफ्नै प्रकारको छ । भूमे, इवी, बम्बु, श्रीढोल, श्रीचन्द जसिढोल, इतितढो, किर्किस्तानी सेलीभूमे (वनभूमे), सेतीदेवी (वनदेवी), सेतीनाग (वननाग), आइतबारे (गोठक रक्षक), गङ्गा, कोमलामाई (स्वास्थ्य रक्षक), रेल, बासी (इन्द्रधनु) जस्ता देवीदेवताहरू यो समुदायमा पूजाउपासना प्रमुख हुन् । मूलतः यिनीहरू कुलदेवता, पितृदेवता तथा स्थानीय देउदेउताका रूपमा भक्तिभाव प्रकट तथा पूजाउपासना गरिन्छन् । उभौलीको र उधौली गरी विशेषतः वर्षको दुईपटक धुमधामका साथ यिनीहरूको पूजाउपासना गर्ने चलन छ । यसका साथै सुरेल समुदायका मानिसहरू विभिन्न मौलिक चाडवाड, पर्व तथा उत्सव सम्पन्न गर्दा, संस्कारगत अनुष्ठानहरू सम्पादन गर्दा र गाउँटोल तथा घरपरिवारमा अनिष्ट आइलाग्दा पनि माथि उल्लिखित देउदेउताहरूको श्रद्धाभक्ति र पूजाउपासना गर्ने गर्दछन् ।

## सन्दर्भ–सामग्री

आचार्य, मधुसूदन (२०६६). *सुरेल जातिको उत्पत्ति धर्म र संस्कृति : एक परिचय.* दोलखा : सुरेल जाति उत्थान समाज ।

एकीकृत हातेमालो समाज नेपाल (२०७०). *सुरेल र लिम्बू जातिको लोकसंस्कृति सम्बन्धी अध्ययन सर्वेक्षण प्रतिवेदन.* काठमाडौँ : नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

कन्दङ्वा, काजिमान (२०२०). *किपट एक दृष्टिकोण.* न्यु लाइट, वर्ष १. अङ्क ६.मङ्सिर ।

कँडेल, रामप्रसाद (२०६१). *नेपाली लोकबाजा.* काठमाडौँ : लोकबाजा सङ्ग्रहालय ।

खड्का, इन्द्रबहादुर (२०५५). *सुरेल जातिको सामाजिक, आर्थिक अध्ययन.* कीर्तिपुर : समाजशास्त्र, मानवशास्त्र, केन्द्रीय विभाग. स्नातकोत्तर तह. शोधपत्र, त्रि.वि. ।

खड्का, कृष्णकुमार (२०६८). *सुरेल जातिको सामाजिक, आर्थिक एवम् सामाजिक अध्ययन दोलखा जिल्ला सुरी गाविसको एक समाजशास्त्रीय अध्ययन.* काठमाडौँ स्नातकोत्तर तह, शोधपत्र, रत्नराज्य क्याम्पस. समाजशास्त्र/मानवशास्त्र विभाग ।

खत्री, प्रेमकुमार (२०५५). *उत्पत्ति मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन,* कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि.।

चेम्जोङ्ग, इमानसिंह (२०१८). *लिम्बू नेपाली अङ्ग्रेजी शब्दकोश.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

जिल्ला विकास समिति (२०५३). *दोलखा जिल्लाको वस्तुगत विवरण.* दोलखा: जिल्ला विकास समिति ।

दुलाल, लोकनाथ (२०७६). *सुरेल जातिका लोकप्रथा, प्रथाजनित कानुन एवम् लोकविश्वास, अमूर्त संस्कृति.* काठमाडौँ : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, ३(३): ७४-८२ ।

दुलाल, लोकनाथ (२०७९). *सुरेल जातिका सामाजिक संस्कार, नेपालका जातीय सामाजिक संस्कार* (भाग आठ). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान. सम्पादक : प्रेमकुमार खत्री. पृ. २८६-३०१ ।

नेपाल सरकार, (२०७२). *नेपालको संविधान.* काठमाडौँ : कानुन, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय ।

प्रधानाङ्ग, गजेन्द्रबहादुर (२००९). *लिम्बुवानको किपट समस्या.* काठमाडौँ : भक्तबहादुर पब्लिसर्स एन्ड बुक सेन्टर ।

मानन्धर, राजेन्द्र (२०६२). *सुरेल जातिको कथा. कान्तिपुर दैनिक.* काठमाडौँ : कान्तिपुर पब्लिकेसन २०६२।११। १० ।

मास्के, चिरञ्जीवी (२०५३). दोलखाका सुरेल जातिको संरक्षण गर्न जरुरी. *समाचार राष्ट्रिय दैनिक.* काठमाडौँ : समाचार राष्ट्रिय दैनिक २०५३।०७।२९ ।

राष्ट्रिय समाचार समिति (२०५६). *सुरेल जातिको संस्कार लोप हुने अवस्थामा.* काठमाडौँ : राष्ट्रिय समाचार समिति, २०५६।०७।०२ ।

शर्मा, जनकलाल (२०३९) *हाम्रो समाज : एक अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

श्री ५ को सरकार (२०३१) *मेचीदेखि महाकाली (भाग २).* काठमाडौँ : सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग ।

श्रेष्ठ, श्रीकृष्ण (२०६६). *सुरेल जातिको सामाजिक तथा आर्थिक अवस्था एक अध्ययन.* दोलखा : जिल्ला विकास समिति ।

समाचारदाता (२०६३). सुरेलका अग्रज अबिरेको निधन. *जनरञ्जन साप्ताहिक.* वर्ष १. अङ्क ७. मङ्सिर १० ।

त्रिपाठी, सुधा र खड्का, रमेश (सम्पा) (२०५१). *दोलखा दर्पण.* दोलखा : दोलखा साहित्य समाज ।

Gautam, R. & Thapa Magar A.K. (1994). *Tribal Ethnography of Nepal* (Vol-II), New Delhi: Book Faith India.

Swami, V. (1972). *What Religion Is*. Calcutta: Advaita Ashrama.

UNESCO (2003). *Convention of the Safe Guarding of the Intangible Cultural Heritage. 2003.* Kathmandu: UNESCO Office Nepal.

(http :// dolakhatown.blogspot.com/2008/09/blog-spot.html )

(http://202.166=193=40/qatar/news/news-details.php?news id_202129)

-www.banpyjhyala.com.np< P=85/-may 17th,2011_

www.sunuwar.org_< P=354, June 23rd,2010_

(http :// dolakhatown.blogspot.com/2008/09/blog-spot.html )

(http://202.166=193=40/qatar/news/news-details.php?news id_202129)

-www.banpyjhyala.com.np< P=85/-may 17th,2011_

www.sunuwar.org_< P=354, June 23rd,2010_